भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**मिति २०७९/१२/२४ गतेको गाउँ कार्यपालिकाको ११ औं बैठकमा पेश भएका प्रस्तावहरुः**

| क. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति /शाखा |
|---|---|---|---|
| १. | भगवतीमाई अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्बन्धमा । | भगवतीमाई अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ छलफल तथा स्वीकृत गर्ने । | |
| २. | आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा । | भगवतीमाई गाउँपालिका आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्य र लोहोरे (मध्यपहाडी राजमार्ग) खोर-शिखरढारी सडकको विस्तृत परियोजना प्रतिवेदन छलफल तथा स्वीकृत गर्ने । | |
| ३. | भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड निर्धारण सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका क्षेत्रभित्र भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड निर्धारण गर्ने । | |
| ४. | भगवतीमाई गाउँपालिका स्थानीय पाठ्यक्रम, २०७९ सम्बन्धमा । | भगवतीमाई गाउँपालिका स्थानीय पाठ्यक्रम, २०७९ माथि छलफल तथा स्वीकृत गर्ने । | |
| ५. | कर्मचारी पदपूर्ति सम्बन्धमा । | यस गाउँपालिका अन्तर्गत रहेका स्वीकृत स्थायी तथा करार दरबन्दीमा कर्मचारी पदपूर्ति गर्ने । | |
| ६. | सामुदायिक स्वास्थ्य इकाई स्थापना सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका वडा नं. ३ मा रहेको मेहेलतोली स्वास्थ्य चौकी स्तरोन्नती भई भगवतीमाई आधारभूत अस्पतालमा परिणत भएको हुँदा वडा नं. ३ मा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने । | |
| ७. | बाल अधिकार समिति | यस भगवतीमाई गाउँपालिकामा गाउँपालिका स्तरीय बाल अधिकार समिति गठन गर्ने । | |
| ७. | विविध | | |

**मिति २०७९/१२/२४ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकबाट भएका निर्णयहरुः**

१. दोस्रो चौमासिक आय व्ययको माथि छलफल गरियो । पूँजीगत खर्च तर्फ वित्तीय प्रगति न्यून देखिएको हुँदा आयोजना कार्यान्वयन तर्फ जोड दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

२. भगवतीमाई अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ बैठकमा पेश गरियो । कार्यविधि अध्ययन तथा सुझाव र संशोधन प्रस्तावको लागि गाउँ कार्यपालिका सदस्य ज्यूहरुलाई अर्को बैठक सम्मको लागि समय दिने निर्णय गरियो ।

३. यस गाउँपालिका अन्तर्गत सञ्चालन हुने देहायका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन माथि छलफल गरियो साथै उक्त प्रतिवेदन सहित उक्त आयोजनाहरुको ड्रविङ्ग डिजाइन र लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क.सं. | आयोजनाको नाम | स्थान | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १. | भगवतीमाई अस्पताल पूर्वाधार निर्माण कार्य | वडा नं. ३ सान्तडा | १४,४०,८५,९४१.६६ | |
| २. | लोहोरे (मध्यपहाडी राजमार्ग) खोर-शिखरढारी सडक | वडा नं. ७ | ५७,०६,१९,६९८.९५ | |

भगवतीमाई गाउँपालिका    गाउँ कार्यपालिका बैठकः ११-२०७९/०८०    मितिः २०७९/१२/२४ गते

४. यस भगवतीमाई गाउँपालिका क्षेत्रभित्र भू-उपयोग वर्गीकरण सम्बन्धी मापदण्ड निर्धारण आवश्यक कार्यविधि बनाई अर्को बैठकमा पेश गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

५. भगवतीमाई गाउँपालिका आधारभूत शिक्षा कक्षा (१-८) स्थानीय विषयको पाठ्यक्रम "हाम्रो भगवतीमाई (HAMRO BHAGAWATIMAI) -२०७९" माथि दफावार छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो।

६. यस गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थामा देहायका पद रिक्त रहेको र सो को कारण दैनिक सेवा प्रवाहमा कठिनाई हुने देखिएकोले स्वास्थ्यकर्मीको स्थायी पदपूर्ति नहुँदा सम्म करार सेवामा लिने र रिक्त रहेको कार्यालय सहयोगी पदमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो।

तपसिलः

| क.सं. | पद | रिक्त स्थान | संख्या | विज्ञापन गर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | हे.अ. | पगनाथ र जगनाथ स्वा. चौकी | २ | १ | जगनाथ |
| २. | अ.न.मी. | मेहेलतोली स्वास्थ्य चौकी | २ | १ | मेहेलतोली |
| ३. | कार्यालय सहयोगी | ३ नं. वडा कार्यालय | १ | १ | |

७. यस भगवतीमाई गाउँपालिका वडा नं. ३ मा रहेको मेहेलतोली स्वास्थ्य चौकी स्तरोन्नती भई भगवतीमाई आधारभूत अस्पतालमा परिणत भएको हुँदा वडा नं. ३ मा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने र सो को लागि ३ नं. वडा कार्यालयले सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणस्थल छनौट गरि गाउँ कार्यपालिकाको कार्यालयमा पठाउन निर्देशन गर्ने निर्णय गरियो ।

८. कोभिड विरुद्धका खोप लगाउन बाँकी रहेका मानिसहरुलाई खोज र खोप रणनीति अनुसार बाँकी रहेका व्यक्तिहरुको घरधुरी सर्भे गर्न खटिएका महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई खाना खाजा वापत दैनिक रु. ४०० का दरले बढीमा ३ दिनको रकम प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

९. यस भगवतीमाई गाउँपालिका देहाय बमोजिम गाउँपालिका स्तरीय बाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| (क) मिना कुमारी खड्का | उपाध्यक्ष | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | भगवतीमाई गाउँपालिका | सदस्य |
| (ग) पार्वती थापा | वडा सदस्य | सदस्य |
| (घ) रमेश थापा | वडा सदस्य | सदस्य |
| (ङ) पूर्ण भण्डारी | प्रधानाध्यापक | सदस्य |
| (च) पार्वती थापा | प्रधानाध्यापक | सदस्य |
| (छ) राम बहादुर शाही | समाजसेवी | सदस्य |
| (ज) मेडिकल अधिकृत | भगवतीमाई अस्पताल | सदस्य |
| (झ) शाखा प्रमुख | सामाजिक शाखा | सदस्य |
| (ञ) शाखा प्रमुख | स्वास्थ्य शाखा | सदस्य |
| (ट) शाखा प्रमुख | शिक्षा यूवा तथा खेलकूद प्रमुख | सदस्य |
| (ठ) बालक | बाल सञ्जालबाट १ जना | सदस्य |
| (ड) बालिका | बाल सञ्जालबाट १ जना | सदस्य |
| (ढ) प्रहरी चौकी प्रमुख | बेस्तडा प्रहरी चौकी | सदस्य |

| | | |
|---|---|---|
| (ड) बालिका | बाल सञ्जालबाट १ जना | सदस्य |
| (ढ) प्रहरी चौकी प्रमुख | बेस्तडा प्रहरी चौकी | सदस्य |
| (ञ) पद्मा शाहि | अधिकारकर्मी | सदस्य |
| (ट) टंक सुनार | सिविओ महासंघ दैलेख | सदस्य |
| (ठ) मोतिकला शाहि | सोसेक नेपाल दैलेख बाट | सदस्य |
| (ड) सरस्वती पौडेल | बाल कल्याण अधिकारी | सदस्य-सचिव |

**गाउँ कार्यपालिकामा बैठकमा राखिएको फरक अभिमतः**

| क.सं. | पदाधिकारीको नाम | पद | निर्णय नं. | फरक मतको अभिलेख | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | × | × | × | × | × |
| २. | × | × | × | × | × |
| ३. | × | × | × | × | × |